November 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)


Year : 3, Vol. 29

www.eurasiareiyukai.com

Smile of The Month



## यूराशिया रेयूकाई कृतज्ञता पर्व



महागुरु काकुतारो कुबोज्यूको ७२औं पुण्य तिथि १८नोभेम्बर २०१५मा यूराशिया रेयूकाईको आयोजनामा कृतज्ञता पर्व आयोजना गर्ने महान् मौका पाएका छौं । मुख्य समारोह भारत देशको सिलिगुढीमा आयोजना गर्ने मौका पाउने छौं । साथै सम्पूर्ण मिहाता शाखा एवं समाज बिकास केन्द्रहरुमा पनि कार्यक्रम आयोजना गर्ने मौका पाउने छौं ।

## दिपावलीको शुभकामना

शुभ दिपावली २०७२ को सुखद उपलक्ष्यमा सम्पूर्ण नागरिक, यूराशिया रेयूकाईका सम्पूर्ण सदस्यहरु एवं लिडर्सहरुमा सुख, शान्ति र समृद्धिको कामना सहित हार्दिक मंगलमय शुभकामना ।

युशुन मासुनागा संस्थापक अध्यक्ष एवं यूराशिया रेयूकाई परिवार

## यूराशिया रेयूकाई यूवा बिकास सिक्कोबु गठन

यूराशिया रेयूकाईमा यूवा बिकास सिक्कोबु गठन भएको छ । यूराशिया रेयूकाईका यूवाहरु क्रियाशील भई आफू बसेको समाज देश र बिश्वको लागी काम लाग्ने यूवा बन्न समाजमा काम लाग्ने खालका क्रियाकलाप गरी यूवाको जिम्मेवारी र कर्तव्य पूरा गर्नको लागी यूराशिया रेयूकाईमा १६बर्ष देखी ४०बर्ष सम्मका यूवालाई समेटी यूवा बिकास क्रियाशील छ



संस्थापक अध्यक्षज्यू संगै यूवा बिकास सिक्कोबु

### संस्थापक अध्यक्षज्यूबाट यूवा बिकास सिक्कोबुलाई प्रदान गर्नु भएको मार्गनिर्देशन

अहिलेसम्म बोधिसत्वको भावना जागृत नभएको व्यक्तिमा बोधिआत्मा जागृत हुनको लागी मिचिविकी हुने मौका पाउने हो । महायानाको भावनाले यो संसारलाई नबचाईकन् हुँदैन भन्ने जिम्मेवारी कर्तव्य लिएर जन्मेर आएको हो । जीवन र शरीर अभिभावकबाट पायौं, जिम्मेवारी कर्तव्य आमा बुबाबाट पाएको हैन पूर्वजहरुबाट पनि पाएको होईन जन्मिनु अगाडि बुद्धसँगको बाचा अनुरुप कार्यान्वयन गरी परिणाम देखा पाछु भनी प्रतिज्ञा गरेर आएकोले जिम्मेवारी कर्तव्य पुरा गर्ने मौका नपाईकन् हुँदैन ।

मानिस भएको हुनाले एक एक जनाले जन्मदै लिएर आएको असल कर्मको सम्बन्ध र खराब कर्मको सम्बन्ध,कर्मव्यवधान छ ।युवा विकास सिक्कोबुले राम्ररी आफ्नो जिम्मेवारी कर्तव्य पूरा गर्ने मौका पाउनु पर्छ । आफ्नो खराब कर्मको सम्बन्धलाई नहटाए सम्म जिम्मेवारी कर्तव्य पुरा गर्न सक्दैन । त्यो के हो पत्ता लगाउनु पर्छ । यो नै आफ्नो विकास हो । मिचिविकी गर्ने मौका पाई सदस्यहरुबाट सिकाई पाउने सदस्यहरुको स्वरुप लाई हेरेर आफ्नो खराब कर्मको सम्बन्धलाई पत्ता लगाउने मौका पाउने ।

बुस्योगोनेन्को महान् शिक्षालाई कार्यान्वयन गर्ने मौका पाए अनुरुप परिणाम निस्कन्छ त्यसलाई अनुभव भनिन्छ । कार्यान्वयन गरी कार्यान्वयन गराई निकालेको परिणाम नै खुशीको अनुभव हो । त्यसकारण अनुभव दिव्यज्योति हो । अनुभव पाएको व्यक्ति दिव्यज्योतिमय भएको हो । दिव्यज्योतिको अनुभव भएको व्यक्तिहरु धेरै भन्दा धेरै नबनाईकन् हुँदैन ।

कृतज्ञता र माफीको मन हुनु पर्छ, मन परिवर्तन भयो भने शब्द एवं व्यवहारमा परिवर्तन आउँछ त्यस्तो कुराहरु अरुलाई हेरेर फलानो व्यक्ति परिवर्तन भएछ, आफू पनि त्यस्तै हुन चाहान्छु भन्ने हुन जान्छ । यस्तो व्यवहार सबैभन्दा देखिनेमा मुस्कान हो । रेयूकाईमा मुस्कानको संसार बनाउनु पर्छ । आध्यात्मिक संसारलाई पनि मुस्कानयुक्त बनाउनु पर्छ । पुर्खाहरुलाई पनि मुस्कानयुक्त वनाउनु पर्छ। आध्यात्मिक संसारको पुर्खाहरुलाई मुस्कानयुक्त बनाउनको लागि पुर्खाहरुले, सन्ततीले पाठ गरेको नीलसुत्र सुनेर, आफूले आत्माआलोचना गरेर, आफ्नो कमजोरी यस्तो गरेछ भनी महशुस गर्ने मौका पाउँनु हुन्छ। त्यो कृतज्ञता पुर्खाहरुबाट त्यो घरको सन्ततीहरुलाई प्रदान गर्नु हुन्छ । त्यसकारण पुर्खाहरुको धेरै भन्दा धेरै होम्यो लेख्ने मौका पाएर कार्यान्वयन गर्ने मौका पायो भने पुर्खाहरुबाटको प्रभावले घरभित्र राम्रो परिवर्तन आउँछ । त्यसकारण यूराशिया महाद्वीपलाई बचाउनको लागि पुर्खाहरुलाई केन्द्रविन्दु बनाएको जीवनयापन गरी रहेको घर परिवार बनाउनु पर्छ । नेपाल देशमा भर्खरै महाभूकम्प आयो त्यसपछि लगत्तै विभिन्न उताव चढाव भई अहिले देश निकै समस्याको स्थितीमा छ । यो स्थिती अहिले जीवीत नागरिकहरुले बनाएको हो । यसको मतलव नेपालको पुर्खाहरु ले त्यती सम्मको असन्तुष्टि लिइराखेको छ भन्ने हो । यस्तो समय भएको हुनाले नै मिचिविकी नगरिकन हुँदैन । मिचिविकी गर्ने मौका पाई धेरै भन्दा धेरै पुर्खाहरुको आत्मालाई नबचाईकन् हुँदैन । रेयूकाई शिक्षा पुर्खास्मरण, कर्म शुद्धिकरण र प्राश्चितद्वारा पापलाई परिषोधन गर्ने शिक्षा हो । त्यसकारण पुर्खास्मरण गर्ने मौका पाई पुर्खाहरुबाट शक्ति पाउनुपर्छ र आफू स्वयंको जिम्मेवारी कर्तव्य पुरा गर्ने मौका पाई नेपाल देशलाई पहिलाकै अवस्थामा फर्काउने मौका पाउनु पर्छ ।

## यूराशिया रेयूकाई ११औं शाखा मुख्यहल समुदघाट्न सम्पन्न

यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको बरद् बाहुलिबाट १० अक्टोबर २०१५का दिन यूराशिया रेयूकाई ११औं शाखाको मुख्यहल समुदघाट्न गर्नु भयो । अब देखी यूराशिया रेयूकाई ११औं शाखा नेपाल देश ललितपुर जिल्ला स्थित सानेपाबाट संचालन हुनेछ ।









### ९ र १८ तारिखको भेला बारे जानकारी

हरेक महिना ९ र १८ तारिखको मासिक भेलाहरुमा खुशीको अनुभव सुन्ने र आफ्नो जीवनमा महान् रेयूकाई शिक्षालाई लागु गरी प्राप्त खुशीको अनुभवलाई आदान प्रदान गर्न आफ्ना सदस्यहरु सँग सँगै भेलाहरुमा सहभागी बनौं ।

## सहयोगी हातहरु बढाउँदै हामी निरन्तर रुपमा कृयाशील छौं ।

## मिलेर बाँच्नु नै जीवन हो

नयाँ बर्ष २०७२ सालको शुरुवात मै नेपाल देशले ठुलो अकल्पनिय क्षति ब्यहोर्नु पऱ्यो बिनाशकारी भुकम्पबाट हाल सम्म ८,९७४जनाले अकालमा ज्यान गुमाएको पिडा सँगै २२,३२१ जना घाईते भएको अवस्था छ भने ६लाख भन्दा बढी भौतिक संरचनाहरु ध्वस्त भए। बिनाशकारी महा भुकम्प पश्चात तुरुन्तै यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूको मार्गनिर्देशन पाएर यूराशिया रेयूकाई प्राकृतिक बाताबरण संरक्षण प्रकोप प्रतिरोध समिति मार्फत् भुकम्प अति प्रभाबित क्षेत्र क्षेत्रहरुमा कृयाशील भई राहतका कृयाकलापहरु संचालन गर्ने मौका पायौं त्यस पश्चात् सदस्यहरु र नागरीकहरु सँगसँगै पुननिर्माणमा जुटयौं । यूराशिया रेयूकाईबाट हालसम्म निरन्तर सहयोगका कृयाकलापहरु संचालन गर्ने मौका पाईरहेका छौं । हालसम्म नेपाल देशको सिन्धुपाल्चोक, दोलखा,कार्भेपलाञ्चोक,काठमाण्डौं, ललितपुर,भक्तपुर, धादिङ्ग, नुवाकोट जिल्लाका बिभिन्न अति बिकट क्षेत्र क्षेत्रहरुमा सहयोगका कृयाकलापहरु संचालन गर्ने मौका पाउदै आईरहेका छौं । हाल सम्म सहयोग कृयाकलापहरुमा दैनिक चाहिने खाद्यान्न सामाग्रीहरु,टेन्टहरु,झुलहरु, पिउनेपानी, जस्तापाताहरु, खानेपानी टयाङ्कीहरु,घर निर्माणका सामाग्रीहरु साथै बालबालिकाहरुलाई चाहिने दैनिक सामाग्रीहरु, शैक्षिक सामग्रीहरु, झोला तथा पोशाक(सर्ट पाईन्ट)वितरण गर्ने मौका पायौं । यस्तो कार्यहरु निरन्तर गर्ने मौका पाउदै आईरहेका छौं ।

स्थानिय क्षेत्र क्षेत्रहरुमा राहत पाउने ब्यक्तिहरु, बिद्यालय परिवार र बालबालिकाहरु यूराशिया रेयूकाई प्रति कृतज्ञ र खुशी भएका छन् ।






























हस्तकला तालिम, नारायणघाट

महिला भेला, झापा

वृक्षारोपण कार्यक्रम, काठमाण्डौ

*"यूराशिया रेयूकाई विश्वशान्ति निर्माण गर्न समाजमा योगदान दिने धेरै व्यक्ति निर्माण गर्ने सामाजिक संस्था हो"*

यूराशिया रेयूकाईबाट प्रत्येक शनिबारका दिन नागरीक सरसफाई अभियान संचालन हुदै आएको छ उक्त अभियानमा सबै जना सँगसँगै सहभागी बनौं ।